नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
**ई.पी.एस. कोरिया शाखा**
ग्वार्को, ललितपुर ।

२०८०/०३/२९

**कृषि तथा पशुपालन (Agriculture & Livestock) क्षेत्र तर्फको दोश्रो चरणको कोरियन भाषा परिक्षा (EPS-TOPIK-2022, UBT) को अन्तिम नतिजा प्रकाशन सम्बन्धमा ।**

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र गणतन्त्र कोरिया, श्रम तथा रोजगार मन्त्रालय बीच सम्पन्न समझदारी पत्र (MOU) अनुरुप रोजगार अनुमति प्रणाली (EPS) अन्तर्गत गणतन्त्र कोरियामा नेपाली कामदार पठाउने सिलसिलामा उम्मेदवारको छनौट गर्न HRD Service of Korea बाट मिति २०७९ फाल्गुण २३ देखि वैशाख १३ गते ( तदानुसार सन् ०७ मार्च, २०२३ देखि २६ अप्रिल, २०२३) सम्म सम्पन्न भएको **कृषि तथा पशुपालन क्षेत्रतर्फको दोश्रो चरणको** कोरियन भाषा (EPS-TOPIK-2022, UBT) परीक्षामा जम्मा २६,८७६ जना परीक्षार्थीहरु रहेकोमा परीक्षामा समावेश भएका २४,३२६ मध्ये सीप परिक्षणबाट समेत यसैसाथ संलग्न नामावली बमोजिमका ८,१९८ जना उम्मेदवारहरु उत्तिर्ण भएको व्यहोरा HRD Service of Korea बाट प्राप्त भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । **उत्तिर्ण हुने ब्यक्तिहरुको स्वास्थ्य परीक्षण (Medical) तथा रोजगार आवेदन फाराम (Job Application Form) भर्ने कार्यको बिस्तृत तालिका सहितको सूचना यस शाखाबाट पछी प्रकाशन गरिने छ ।**

अन्य परीक्षार्थीहरुले समेत आफ्नो प्राप्ताङ्क निम्न बमोजिम हेर्न सक्नु हुनेछः

- ① Access the website(http://www.eps.go.kr)
- ② Select language(English or local language) and click
- ③ Enter the primary key(individual own) at the “EPS-TOPIK” (eg:- 0062022C512.....)
- ④ Click “go” button and check the result.

**पुनश्चः-** रोजगार आवेदन फाराम (Job Application Form) भर्नका लागि प्रहरी प्रतिवेदन (Police Report) तथा स्वास्थ्य परीक्षण (Medical Report) मा समेत सफल हुनुपर्नेछ । साथै, राहदानीको म्याद कम्तिमा पनि एक बर्षको हुनुपर्नेछ र कुनै "क" बर्गको बैंकमा आफ्नै नाममा खाता खोली सो को प्रमाण एवं सम्बन्धित ब्यक्तिको ब्यक्तिगत ईमेल ठेगाना अनिवार्य रुपमा सो बखत पेश गर्नु पर्ने ब्यहोरा समेत जानकारी गराईन्छ । *कोरियाली भाषा परीक्षा (EPS TOPIK UBT) उत्तिर्ण गर्नु भनेको रोजगार अनुमति प्रणाली अन्तर्गत रोजगार प्रक्रियामा समावेश हुनको लागि रोष्टरमा सूचिकृत हुनुमात्र हो, दक्षिण कोरियामा रोजगारीको ग्यारेण्टी हुन्छ भन्ने होईन । आफ्नो पेशा एवं व्यवसायलाई समेत निरन्तरता दिनुहोला ।*

यो नतिजा वैदेशिक रोजगार विभागको वेभसाईट https://dofe.gov.np/ मा समेत प्रकाशित गरिएको छ ।

*(कोरियाली भाषा परीक्षा (EPS TOPIK UBT) उत्तिर्ण गर्नु भनेको रोजगार अनुमति प्रणाली अन्तर्गत रोजगार प्रक्रियामा समावेश हुनको लागि रोष्टरमा सूचिकृत हुनुमात्र हो, दक्षिण कोरियामा रोजगारीको ग्यारेण्टी हुन्छ भन्ने होईन ।)*

**ई.पी.एस कोरिया शाखा**